नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**स्थानीय पूर्वाधार विभाग**
**स्थानीय पुल शाखा**
श्रीमहल पुल्चोक, ललितपुर

प.सं.: २०७७/७८ मिति:२०७७/११/११
च.नं.: १४१

श्री सबै गाउँ/नगर पालिकाको कार्यालय।

**विषय: प्रगति पठाउने सम्बन्धमा।**

प्रस्तुत विषयमा यस विभागबाट संचालित झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (ब.ऊ.शि.नं ३६५०११०३) अन्तर्गत संघीय अनुदानमा तहाँ गाउँ/नगर पालिकामा निर्माणाधीन झोलुङ्गे पुल आयोजनाहरुको हकमा **'संघीय अनुदानका शर्तहरु'** को बुंदा १५ मा नियमित रुपमा मासिक, चौमासिक र वार्षिक वित्तीय तथा भौतिक प्रगतिको विवरण विभागको यस शाखामा उपलब्ध गराउनुपर्ने व्यवस्था उल्लेख भएको छ | तर, यस आ.व २०७७/७८ मा तहाँ गाउँ/नगर पालिकाबाट हालसम्म वित्तीय तथा भौतिक प्रगतिको विवरण प्राप्त भएको छैन | समयमै वित्तीय तथा भौतिक प्रगतिको विवरण प्राप्त हुन नसकेको अवस्थामा झोलुङ्गे पुल निर्माणका लागि आवश्यक लठ्ठा तथा बुलडग ग्रिप्सको व्यवस्था गर्न असहज हुने भएकाले नियमित रुपमा यसै पत्रसाथ संलग्न ढाँचामा वित्तीय तथा भौतिक प्रगतिको विवरण यस शाखामा उपलब्ध गराउनहुन निर्देशानुसार अनुरोध छ |
साथै, प्रगति विवरणको e-copy यस शाखाको email, lbs@doli.gov.np र lbs@nepaltrailbridges.org मा समेत पठाईदिनुहुन अनुरोद छ |

संलग्न:
१. वित्तीय तथा भौतिक प्रगतिको विवरणको ढाँचा
२. संघीय अनुदानका शर्तहरु, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम

.......................
(सम्पत न्यौपाने)
ईन्जिनियर

बोधार्थ:
१. श्री झोलुङ्गे पुल सहयोग इकाई (TBSU), वित्तीय तथा भौतिक प्रगतिको विवरण सङ्कलन गर्ने कार्यमा सहयोग गर्नहुन |

……………………गाउँ/नगर पालिका

**मासिक/चौमासिक/वार्षिक वित्तीय तथा भौतिक प्रगतिको विवरण**

१. ब. उ. शी. नं. - ३६५०११०३

७. वार्षिक बजेट (रु. हजारमा): ……………

२. कार्यक्रम/आयोजनाको नामः – झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम

| क्र.स | कार्यक्रम र क्रियाकलाप (झोलुङ्गे पुल आयोजनाको नाम ) | इकाई | आ.व २०७७/०७८ मा विनियोजित वार्षिक बजेट मध्यबाट, तहाँ कार्यालयबाट अलग अलग झोलुङ्गे पुललाई विनियोजित | | आ.व २०७७/०७८ को ……….महिनासम्मको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | लागत रकम (रु. हजारमा ) | वित्तीय प्रगति रकम (रु.हजारमा ) | भौतिक प्रगति प्रतिशत (%) मा | |
| १ | | गोटा | १ | | | | |
| २ | | गोटा | १ | | | | |
| ३ | | गोटा | १ | | | | |
| ४ | | गोटा | १ | | | | |
| | | जम्मा | | | | | |

तयार गर्ने:

चेकजाँच गर्ने

प्रमाणित गर्ने

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम

**संघीय अनुदानका शर्तहरू**

आ.व. २०७७/०७८

ब.उ.शी.नं - ३६५०११०३

१. झोलुङ्गे पुल (झो.पु.) सम्बन्धी सम्पूर्ण कार्यक्रम तथा आयोजनाहरूलाई क्षेत्रगत अवधारणा अनुसार समष्टिगत योजना तर्जुमा गरी झोलुङ्गे पुल रणनीति, २०६२ तथा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका, २०६६ मा भएका प्रावधानहरू अनुसार कार्यान्वयन गराउनु पर्नेछ ।

२. झोलुङ्गे पुल योजना तर्जुमा, कार्यान्वयन, समन्वय, रेखदेख तथा गुणस्तर सुनिश्चित गर्ने गराउने जिम्मेवारी योजना कार्यान्वयन गर्ने निकाय/ कार्यालयको हुनेछ ।

३. कार्यक्रम कार्यान्वयन गर्ने शिलशिलामा वस्तु तथा सेवा खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको बमोजिम e-bidding मार्फत गर्नुपर्ने छ ।

४. ब.उ.शी.नं. ३६५०११०३ बाट प्राप्त हुने रकम क्रमागत निर्माण र नयाँ निर्माण कार्यको लागि मात्र खर्च गर्न सकिनेछ ।

५ छोटो तरिको झो.पु.हरुको निर्माण सम्बन्धित स्थानीय तहले स्थानीय गै.स.स.परिचालन गरी उपभोक्ता समिति मार्फत निर्माण गराउनु पर्नेछ ।

६. छोटो तरिको झो.पु.हरुको लागि स्टील पार्टसको खरिद बोलपत्रको माध्यमबाट गर्नु पर्नेछ ।

७. लामो तरिको झो.पु .Lumpsum contract (टर्न-की) विधि अनुसार बोलपत्र माध्यमबाट निर्माण व्यवसायी छनौट गरी निर्माण गराउनु पर्नेछ ।

८. नँया झोलुङ्गे पुल निमार्ण गर्दा नेपाल सरकारको नीति अनुसार सबै सार्वजनिक तुईन रहेका स्थानहरुको पहिचान गरी उक्त तुईनहरु विस्थापन हुने गरी कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

९. झो.पु.सम्बन्धी सम्पूर्ण कार्यक्रमको लागि प्राविधिक सहयोग TBSU/HELVETAS वा सोको तर्फबाट अन्य निकाय मार्फत उपलब्ध गराइनेछ । उक्त निकायले गुणस्तर सुनिश्चित गर्नका लागि आवश्यक जाँच, निरिक्षण तथा अनुगमन समेत गर्नेछ ।

१०. फलामे सामग्री Fabrication कार्यको लागि ठेक्का सम्झौता भएपछि TBSU/HELVETAS लाई गुणस्तर सुनिश्चित गर्न आवश्यक चेक जाँचको लागि जानकारी गराउनु पर्नेछ ।

११. झो.पु. को गुणस्तर सुनिश्चित गर्नको लागि भार परिक्षण (Load Test) गर्न सकिने छ ।

१२. झो.पु. निमार्णलाई आवश्यक फलामे लठ्ठा तथा बुलडग ग्रिप्स जिन्सी अनुदान स्वरुप प्रादेशिक स्टोर मार्फत स्थानीय पूर्वाधार विभाग (डोलि)/स.मा.तथा सा.प्र.मन्त्रालयबाट उपलब्ध गराइने छ । यसका लागि माथि उल्लेखित बुंदा ९ बमोजिम झो.पु.निमार्णको गुणस्तर सुनिश्चित भएको हुनु पर्नेछ ।

१३. झो.पु.को नियमित मर्मतका लागि नियुक्त भइसकेका वा नयाँ नियुक्त गरिने पुल संरक्षकलाई स्थानीय तहले आफ्नै बजेटबाट कम्तिमा वार्षिक रु.६००० को दरले पारिश्रमिक उपलब्ध गराई कार्यान्वयन गर्नु पर्नेछ । दुई पालिका बिचमा पर्ने झो.पु.हरुको सम्बन्धमा बढी जनसंख्या लाभान्वित हुने पालिकाले पुल संरक्षक नियुक्त गरी पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।

१४. बृहत मर्मत स्थानीय तहबाटै योजना तर्जुमा तथा बजेट विनियोजित गरी कार्यान्वयन गर्नु पर्नेछ । दुई पालिका बिचमा पर्ने झो.पु.हरुको सम्बन्धमा जनसंख्या बढी जनसंख्या लाभान्वित हुने पालिकाले सो झो.पु. को मर्मत गर्नु पर्नेछ ।

१५. झो.पु कार्यक्रमको मासिक, चौमासिक वा वार्षिक वित्तिय तथा भौतिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी तोकिएको समयमा स्थानीय पूर्वाधार विभाग (डोलि), स्था.पु. शाखामा उपलब्ध गराउनु पर्नेछ । सो को एक प्रति प्राविधिक सहयोग उपलब्ध गराउने निकाय (TBSU/HELVETAS) वा अन्य सम्बन्धित निकायलाई समेत उपलब्ध गराउनु पर्नेछ । TBSU/HELVETAS ले झो.पु.क्षेत्रगत कार्यक्रमको समष्टिगत प्रगति विवरण तयार गरी स्थानीय पूर्वाधार विभाग (डोलि), स्था.पु.शाखामा उपलब्ध गराउनु पर्नेछ ।

१६. स्थानीय तथा प्रादेशिक तहबाट आफ्नै आन्तरिक बजेट मार्फत निमार्ण गरिने झो.पु.हरुको सम्बन्धमा सो पुलहरुको डिजाईन स्थानीय पूर्वाधार विभाग (डोलि) तथा TBSU/HELVETAS बाट चेक जाँच गराई डिजाइन सहमति प्राप्त भए पछि मात्र उक्त पुलको लागि फलामे लठ्ठा तथा बुलडग ग्रिप्स उपलब्ध गराईनेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
श्रीमहल पुल्चोक, ललितपुर

ईश्वर चन्द्र मरहट्टा
महानिर्देशक